# कटारी नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड:०६** **संख्या:२०** **मिति:२०८०/१०/१८**

**कटारी नगरपालिका एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९**

नगर सभाबाट स्वीकृत मिति २०७९/१०/१८

**प्रस्तावना:** कटारी नगरवासीहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवा गुणस्तर वृद्धि गर्न आवश्यक भएकोले यस कटारी नगरपालिकाले देहायको कार्यविधि बनाई जारी गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि २०७९" रहने छ।

(ख) यो कार्यविधिको एम्बुलेन्स सञ्चालन स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषः** विषय वा प्रसंगले अर्को अर्था नलागेमा यस कार्यविधिमा

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्विकृति प्राप्त गरेको वाहन र एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ।

(ग) “चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्भनुपर्छ ।

(घ) “नगरपालिका” भन्नाले कटारी नगरपालिकालाई सम्भनुपर्छ ।

(ङ) “सेवाशुल्क” भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्ने समितिले तोकेको शुल्क सम्भनुपर्छ ।

(च) “समिति” भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवायवस्थापन तथा अनुगमन समिति सम्भनुपर्छ ।

(छ) “सेवा” भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्भनुपर्छ।

<u>३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन</u> **समितिः**(१) एम्बुलेन्स सेवा सन्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न को लागि तपशिलमा उल्लेखित देहायको पदाधिकारीहरु रहेको एम्बुलेन्स सेवा व्यवस्थापन तथा संचालन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क)स्वा.ब्य.स.अध्यक्ष वा निजले तोकेको ब्य.स.सदस्य | - | संयोजक |
| (ख)स्वास्थ्य शाखा प्रमुख वा प्रतिनिधि | - | सदस्य |
| (ग)स्थानिय समाजसेबि मध्येबाट १ जना | - | सदस्य |
| (घ) सम्बन्धित अस्पताल /स्वास्थ्य संस्था प्रशासन हेर्ने कर्मचारी | - | सदस्य |
| (ङ) सम्बन्धित अस्पताल /स्वास्थ्य संस्था प्रमुख | – | सदस्य सचिब |

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

३. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता संचालन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४. समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४.समितिको काम कर्तव्य र अधिकार :-

(१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(घ) एम्बुलेन्सको भाडा साबिक एम्बुलेन्स समितिले निर्धारण गरे बमोजिम रहनेछ र आवश्यकतानुसार समितिले पुनरावलोकन गर्न सक्नेछ ।

(च) सरोकारवाला तथा अन्यसंघसंस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समीक्षा बैठक गर्ने ,



प्रमुख प्रशासकीय अधिकृत

(छ) नगरपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(ज) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयम निरीक्षण गर्ने ।

(झ) मासिक रुपमा एम्बुलेन्सबाट एम्बुलेन्स व्यवस्थापन समितिले खुद बचत गरेको रकमको केही प्रतिशत प्रोत्साहनको रुपमा एम्बुलेन्स चालकलाई केहि प्रतिशत उपलब्ध गराउने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा अस्पताल व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ ।

(३) समितिले सेवा लिने नगरबासीहरुको आर्थिक अवस्था, घटनाको गाम्भीरता, कोषमा रहेको रकम समेतको आधारमा निर्णय गरी पूर्ण वा आंशिक छुट दिन सक्नेछ ।

**(५) सेवा शुल्क सम्बन्धी व्यवस्थाः**(१) एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बान्धित सेवाग्राहीले अनुसुची(१ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउर्नेछ। -

(२) एम्बुलेन्स सेवा बापत उठेको रकम स्वास्थ्य संस्था /अस्पतालको एक अलग कोष खडा गरी स्वास्थ्य संस्था /अस्पतालको आन्तरिक आय खातामा जम्मा गर्नेछ ।

(३) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि स्वास्थ्य संस्था /अस्पतालको नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता स्वास्थ्य संस्था /अस्पतालमा राखिनेछ ।

(४) सेवा दिएबापत लिइने सेवा शुल्क नगदी रसिद तोकिएको बैक खातामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम संचालन समितिले स्वीकृत गरेको बार्षिक कार्य योजना तथा अनुसार मात्र खर्च गर्न पाइने छ ।

(६) कोषको रकम सामान्यतया चालकको तलव भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**(६) चालकको नियुक्ती र सेवा सुविधाः**

(१) एम्बुलेन्स सेवा संचालनका लागि एम्बुलेन्स संचालन समितिले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ । -

(२) चालकको सेवा सुविधा दफा(३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकलाई समितिले छुट्टै मोबाइल फोन र मोवाइल नम्बर उपलब्ध गराउनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

(४) एम्बुलेन्स रहने स्थान सोको मर्मत (सम्भारः १ एम्बुलेन्स कटारी नगरपालिकामा रहेको स्वास्थ्य संस्था /अस्पतालको हातामा रहनेछ-।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ ।

७.**आर्थिक व्यवस्थापन** :यस अस्पतालमा बिभिन्न श्रोतबाट प्राप्त बजेटबाट एउटा निश्चित कोषको सृजना गरि उक्त कोषबाट नै चालकको तलब तथा नियमित मर्मत सम्भार र भैपरि आउने खर्चको व्यवस्थापन गरिनेछ । यस सवारी साधनको आम्दानिबाट खर्च व्यवस्थापन हुन नसकेमा कटारी नगरपालिका संग बजेट माग गरि कोषमा जम्मा गरि संचालन गरिने छ । संचालन समितिको खाता संचालन एम्बुलेन्स संचालन समिति **अध्यक्ष** र **सदस्य सचिबको** संयुक्त दस्तखतबाट सचालन गरिनेछ र उक्त खातामा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क)बिभिन्न संघ संस्थाहरु तथा दाताहरुबाट प्राप्त रकम

ख)दैनिक आम्दानिबाट प्राप्त रकम

ग)स्थानिय निकायबाट प्राप्त रकम

**(८) एम्बुलेन्स चालकको काम, कर्तव्य र अधिकारः**(१) एम्बुलेन्स चालकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) कुनै सेवाग्राहीलाई एम्बुलेन्स सेवा उपलब्ध गराउनु पूर्व आफू जान लाग्ने समय स्थान, र सेवाग्राहीको विवरण स्वास्थ्य संस्था /अस्पतालको प्रशासनमा जानकारी गराई पूर्व स्वीकृति लिनुपर्नेछ ।

(ख) चालकले सम्बन्धित स्वास्थ्य संस्था /अस्पतालबाट पूर्व अनुमति लिई एम्बुलेन्सको नियमित मर्मत संभार र रेखदेख गर्नुपर्नेछ ।

(ग) चालकले लगबुक र सेवाग्राहीको विवरण अद्यावधिक राख्नुपर्नेछ ।

(घ) स्वास्थ्य संस्था /अस्पताल सँगको सम्बन्धित करारनामामा उल्लेख गरिएका शर्तहरुको पालना गर्नुपर्नेछ ।

(ङ) सवारी चालकले अनुसूची २ बमोजिमका आचार संहिताहरु पालना गर्नुपर्नेछ ।

(च) चालकले नियमित रुपमा तोकिएको राजस्व खातामा एम्बुलेन्स रसिद बापत उठेको रकम दाखिला गर्नुपर्नेछ ।

(२) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२ बमोजिम हुनेछ ।

**(९) विविधः**

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण(३ अनुसुची बमोजिम हुनेछ) ।



कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(२) एम्बुलेन्समा सवार बिरामी, आफन्त तथा स्वास्थ्यकर्मीसंग समन्वय गर्ने दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस कार्यविधिमा गर्भवति तथा सुत्केरी महिलाहरुको लागि बिशेष सहुलियतको ब्यवस्था गरिनेछ , जसमध्ये गर्भवति महिलाहरुको लागि दिईएको ANC Card को आधारमा गर्भवति भएको ३८ हप्ता पुगेको महिलाहरुको लागि कटारी नगरपालिका भित्रका बिभिन्न स्थानहरुबाट यस कटारी अस्पतालसम्म ल्याउनको लागि र सुत्केरी पश्चात निजहरुको घरमा पुर्याउनको लागि (यस नगरपालिका अन्तर्गतको सरकारी स्वास्थ्यसंस्थाको एम्बुलेन्स उपलब्ध भएको अवस्थामा ) निःशुल्क ब्यवस्था गरिनेछ भने निजी एमबुलेन्सबाट ल्याएको प्रमाण सम्बन्धित स्वास्थ्य संस्था / अस्पतालबाट प्राप्त भएमा र सम्बन्धित बिरामी/गर्भवतीबाट सो एमबुलेन्सले कुनै पनि रकम नलिएको निश्चित भएमा नगरपालिकाबाट सोधभर्ना उपलब्ध गराउने । साथै यस अस्पतालबाट आमा वा बच्चाको सुरक्षाको लागि डाक्टर वा नर्स को सल्लाह अनुसार अन्य ठाउँमा रेफर गर्नु पर्ने भएमा एम्बुलेन्स समितिले निर्धारण गरेको मुल्यको ४० प्रतिशतसम्म छुट गरिने छ र अन्य गर्भवति तथा सुत्केरी बाहेककमा बिरामिहरुको हकमा एम्बुलेन्स संचालन समितिले तोकेको पुर्ण शुल्क लाग्नेछ साथै बिपन्न तथा आर्थिक अवस्था कमजोर भएका बिरामिहरुको हकमा एम्बुलेन्स संचालन समितिले निर्धारण गरे बमोजिम रहनेछ ।

४. कुनै कारणवश मुल्य संशोधन र हेरफेर गर्नु परेमा समितिको सिफारिसमा थपघट गर्न सक्नेछ । र हाल तपशिल बमोजिमको भाडादर कायम गरिनेछ ।

## कटारी नगरपालिका उदयपुर कटारीको एम्वुलेन्स भाडा दर :

| सि.न. | देखी | सम्म | भाडा दर | सि.न | देखी | सम्म | भाडा दर |
|---|---|---|---|---|---|---|---|
| १ | कटारी | घूर्मी | ४३०० | ३० | कटारी | सिमानपुर | ५५० |
| २ | कटारी | लेखानी | ३२०० | ३१ | कटारी | खोक्सा | ६५० |
| ३ | कटारी | बासबारी | २८०० | ३२ | कटारी | बेलसोत | १००० |
| ४ | कटारी | गहुबारी | २६०० | ३३ | कटारी | गरास | ७५० |
| ५ | कटारी | हर्देनी | २४०० | ३४ | कटारी | मिर्चैया | १६०० |
| ६ | कटारी | बेतिनि | २१०० | ३५ | कटारी | चेहर्वा | १८०० |
| ७ | कटारी | ओखलढुंगा | १३००० | ३६ | कटारी | लहान | २८०० |
| ८ | कटारी | हलेसी | १२००० | ३७ | कटारी | गोलबजार | २००० |
| ९ | कटारी | जयराम | ७००० | ३८ | कटारी | गाईघाट | ४५०० |
| १० | कटारी | सिरिसे | १६०० | ३९ | कटारी | धरान | ६८०० |



कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ~~११~~ | ~~कटारी~~ | ~~दमार धुस्ती~~ | ~~११००~~ | ~~४०~~ | ~~कटारी~~ | ~~बिराटनगर~~ | ६८०० |
| १२ | कटारी | बतासे | ३००० | ४१ | कटारी | राजविराज | ४५०० |
| १३ | कटारी | पटनाभञ्याङ | ९०० | ४२ | कटारी | काकडभिता | १०५०० |
| १४ | कटारी | बडमी | ८०० | ४३ | कटारी | सिलगुडी | १२५०० |
| १५ | कटारी | मरुवा | ४०० | ४४ | कटारी | कर्जना | २५०० |
| १६ | कटारी | बगपती | २५०० | ४५ | कटारी | जनकपुर | ४३०० |
| १७ | कटारी | गाल्टार | १५०० | ४६ | कटारी | वर्दिवास | ३५०० |
| १८ | कटारी | आपटार | १८०० | ४७ | कटारी | सिन्धुली | ६५०० |
| १९ | कटारी | बाहुनटार | २५०० | ४८ | कटारी | काठमांडौ | १४८०० |
| २० | कटारी | रिस्कु विहिवारे | १५०० | ४९ | कटारी | विरगंज | ८५०० |
| २१ | कटारी | सोमवारे | १२०० | ५० | कटारी | भरतपुर | १२५०० |
| २२ | कटारी | चुहाड | १००० | ५१ | कटारी | पोखरा | १६००० |
| २३ | कटारी | भोर्ले | ५०० | ५२ | कटारी | दरभंगा | ७५०० |
| २४ | कटारी | सोक्ला | ४०० | ५३ | कटारी | जयनगर | ४५०० |
| २५ | कटारी | तिनतले | ७०० | ५४ | कटारी | खरैया | ६८०० |
| २६ | कटारी | सिथौली | २५०० | ५५ | कटारी | कत्लेखोला | १५०० |
| २७ | कटारी | कोक्टी | १५०० | ५६ | कटारी | सुगारे | ७०० |
| २८ | कटारी | दूधौली | १००० | ५७ | कटारी | डम्मरखाडी | ४०० |
| २९ | कटारी | शंकटार | ८०० | ५८ | कटारी | सिमराई | ३५० |

प्रमुख प्रशासकीय अधिकृत

## शुल्क तथा दस्तुर सम्बन्धी थप व्यवस्था

- दुरीको हकमा एम्बुलेन्स सेवा लिएको स्थानदेखि अन्तिम गन्तव्य स्थानसम्मको दुरी कायम गरिनेछ ।
- बाटोमा लाग्ने करहरु सेवा लिने व्यक्तिले नै बेर्होनु पर्नेछ ।
- एम्बुलेन्स सेवा लिनु पर्दा माग फाराम भरी तोकिएको शुल्क तिरेर बिरामी लैजानु अगावै बुझाउनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कटारी नगरपालिका राजपत्र

अनुसूची २

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता**

एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७५ लाई पूर्णतः पालना गर्नुपर्ने,

- आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
- मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउननहुने,
- बिरामीको ओसारपसार तथा उपचार गर्नेक्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नु,पर्ने ।
- आफुले लिएको निर्णयहरुमा नै् आफु व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
- आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत अन्य क्षेत्रका अन्य क्रियाकलापहरु अरुलाई पनि सिकाउनु पर्ने,
- कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेर्माप्तिजानकपयारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
- बिरामीलाई बीच बाटोमा छाड्न नहुने,
- आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा । बिरामीको सेव आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
- स्वास्थ्य संस्था /अस्पतालका पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुऱ्याउनु पने
- आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
- नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने

म ..................................... (नाम) .................................... ठेगाना

.................................. ना.प्र.प.नं. .................................... जिल्ला,

ड्राईभिङ्लाईसेन्स नं.

प्रमुख प्रशासकीय अधिकृत

.......................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु। उदयपुर जिल्ला स्वास्थ्य संस्था /अस्पतालको एम्बुलेन्स चलाउदा मैले यो आचार संहितारुपमा पूर्णपालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

चालकको :

नाम/पद :

दस्तखत :

मिति :

रोहबरमा प्रमाणित गर्ने व्यक्तिको :

नाम/पद :

दस्तखत :

मिति :

कार्यालयको छाप :

कटारी नगरपालिका राजपत्र

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ३

**“ग” वर्गका](Common Life Support (CLS))एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण**

- First Aid का सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight,
- Driver With basic training in first aid and emergent medicine.

प्रमाणीकरण मिति २०७९/१०/१८

आज्ञाले

अनिल किराती

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

कटारी नगरपालिका राजपत्र